# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) राप्ती उपत्यका (देउखुरी), नेपाल, कार्तिक ०१ गते, २०८० साल (अतिरिक्ताङ्क २०

## भाग २

### प्रदेश सरकार

### स्वास्थ्य मन्त्रालयको सूचना

### अस्पताल विकास समिति (गठन तथा सञ्चालन) नियमावली, २०८०

स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "अस्पताल विकास समिति (गठन तथा सञ्चालन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) “अध्यक्ष” भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) “अस्पताल” भन्नाले प्रदेश सरकार अन्तर्गतका सरकारी अस्पताल, आयुर्वेद चिकित्सालय वा आयुर्वेद स्वास्थ्य केन्द्र सम्झनु पर्छ।

(ग) “ऐन” भन्नाले स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ सम्झनु पर्छ।

(घ) "कोष" भन्नाले नियम ८ बमोजिम अस्पतालमा रहेको समितिको कोष सम्झनु पर्छ।

(ङ) "प्रदेश सरकार" भन्नाले प्रदेश सरकारको मन्त्रिपरिषद्लाई सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको स्वास्थ्य विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र समितिको सदस्य सचिव समेतलाई जनाउँछ।

(ज) “समिति” भन्नाले नियम ३ बमोजिमको अस्पताल विकास समिति सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

३. **समितिको गठनः** (१) ऐनको दफा ३ को उपदफा (४) बमोजिम अस्पतालको चिकित्सास्तर तथा स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि, सेवा विस्तार, आयुर्वेद तथा वैकल्पिक चिकित्साको प्रवर्धन र सुदृढीकरण गर्दै अस्पतालको सञ्चालन तथा व्यवस्थापनमा सहयोग गर्न प्रदेश सरकार अन्तर्गतका अस्पतालमा देहाय बमोजिमको एक समिति रहनेछः-

(क) प्रदेशभित्र सामाजिक क्षेत्रमा आवद्ध रही कम्तीमा पन्ध्र वर्ष काम गरेका र कुनै पनि विषयमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेका व्यक्तिमध्येबाट मन्त्रालयले मनोनित गरेको व्यक्ति, - अध्यक्ष

(ख) प्रदेशभित्र समाजिक क्षेत्रमा क्रियाशिल लब्ध प्रतिष्ठित व्यक्तिमध्येबाट मन्त्रालयले मनोनित गरेका कम्तीमा एक जना महिला सहित दुई जना, - सदस्य

(ग) अस्पताल रहेको स्थानीय तहको प्रमुख/अध्यक्ष वा निजले तोकेको स्थानीय तहको कार्यपालिकाको सदस्य एक जना, - सदस्य

(घ) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य

(ङ) अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय, - सदस्य

(च) सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय प्रमुख - सदस्य

(छ) अस्पतालका चिकित्सकमध्ये बरिष्ठ चिकित्सक एक जना, - सदस्य

(ज) अस्पताल प्रमुख, - सदस्य सचिव

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अस्पतालमध्ये आयुर्वेद चिकित्सालय वा आयुर्वेद स्वास्थ्य केन्द्रमा देहाय बमोजिमको एक समिति रहनेछः-

(क) प्रदेशभित्र सामाजिक क्षेत्रमा आवद्ध रही कम्तीमा पन्ध्र वर्ष काम गरेका र कुनै पनि विषयमा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह वा सोसरह उत्तीर्ण गरेका व्यक्तिमध्येबाट मन्त्रालयले मनोनित गरेको व्यक्ति, - अध्यक्ष

(ख) प्रदेशभित्र समाजिक क्षेत्रमा क्रियाशिल लब्ध प्रतिष्ठित व्यक्तिमध्येबाट मन्त्रालयले मनोनित गरेको एक जना महिला, - सदस्य

(ग) अस्पताल रहेको स्थानीय तहको प्रमुख/अध्यक्ष वा निजले तोकेको स्थानीय तहको कार्यपालिकाको सदस्य एक जना, - सदस्य

(घ) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य

(ङ) अस्पताल प्रमुख, - सदस्य सचिव

(३) अस्पतालमा नर्सिङ्ग प्रमुखको पद भएमा समितिको बैठकमा त्यस्तो नर्सिङ्ग प्रमुख स्थायी आमन्त्रित सदस्य हुनेछन्।

(४) समितिले आवश्यक ठानेमा प्रदेश सरकारका सम्बन्धित निकायका कुनै अधिकृत वा विशेषज्ञ व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) समितिका मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र मनोनित सदस्य पुनः एक पटकको लागि मन्त्रालयले पुनःमनोनित गर्न सक्नेछ।

(६) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनित सदस्यले आफ्ना पदीय जिम्मेवारी पूरा नगरेमा, समिति तथा अस्पतालको हित विपरित कुनै कार्य गरेमा वा प्रचलित कानून प्रतिकूल हुने कुनै कार्य गरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(७) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुनुपूर्व प्रदेश सरकारबाट समिति गठन गरिएको भएमा त्यस्ता समिति यो नियमावली प्रारम्भ भएको मितिदेखि स्वतःविघटन हुनेछ र मन्त्रालयले यस नियमावली बमोजिम एक महिनाभित्र समिति गठन गरी अध्यक्ष र सदस्य मनोनित गर्नुपर्नेछ।

४. **समितिको काम, कर्तव्य र अधिकारः** यस नियमावलीमा अन्यत्र उल्लिखित समितिका काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पतालको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक नीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) अस्पतालको समितितर्फको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गरी स्वीकृत भएको मितिले पन्ध्र दिनभित्र मन्त्रालय र प्रदेश सरकारको अर्थ मन्त्रालयमा पठाई कार्यान्वयन गर्ने, गराउने,

(ग) अस्पतालको सेवा शुल्क निर्धारण गर्ने,

(घ) अस्पतालका लागि आवश्यक स्रोत तथा साधनको व्यवस्था गर्ने,

(ङ) अस्पतालको सेवा सुधार र विस्तारको लागि कार्ययोजना बनाई व्यवस्थित गर्ने गराउने,

(च) अस्पतालको भौतिक सम्पत्तिको संरक्षण तथा मर्मत सम्भार गर्ने,

(छ) अस्पताल तथा समितिले गरेका कार्यको समीक्षा गर्ने र आवश्यकता अनुसार मन्त्रालयमा प्रतिवेदन पेश गर्ने,

(ज) समितिको कार्यसञ्चालनको लागि आवश्यकता अनुसार उपसमिति गठन गरी त्यस्तो उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्यशर्त तोक्ने,

(झ) समितिको उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्य मन्त्रालयको स्वीकृति लिई गर्ने, गराउने,

(ञ) आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको गुणस्तर प्रवर्धन गर्ने र सुधार योजना बनाई कार्यान्वयन गर्ने, गराउने,

(ट) अस्पतालको वार्षिक प्रतिवेदन स्वीकृत गरी मन्त्रालयमा पेश गर्ने,

(ठ) मन्त्रालयले समय समयमा तोकेका कार्य तथा निर्देशनको कार्यान्वयन गर्ने।

५. **अध्यक्षको काम, कर्तव्य र अधिकारः** यस नियमावलीमा अन्यत्र उल्लिखित अध्यक्षका काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(ख) बैठकको मत बराबर भएमा निर्णायक मत दिने,

(ग) अस्पतालको विकास, विस्तार एवं सुधार गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(घ) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने।

(ङ) अस्पताल व्यवस्थापनमा तालुक निकाय, स्थानीय तह र सरोकारवाला निकायसँग समन्वय गर्ने, गराउने।

६. **सदस्य सचिवका काम, कर्तव्य र अधिकारः** यस नियमावलीमा अन्यत्र उल्लिखित सदस्य सचिवका काम, कर्तव्य र अधिकार र अस्पताल प्रमुखको पदमा बहाल रहँदा प्रचलित कानूनले तोकेका काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको सदस्य सचिवको रूपमा कार्य गर्ने,

(ख) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) समितिको अधिकारक्षेत्र अन्तर्गत तोकिएका विषयमा समितिबाट निर्णय गर्न उपयुक्त हुन्छ भन्ने लागेमा समितिको बैठकमा एजेण्डाका रूपमा प्रस्ताव पेश गर्ने,

(घ) समितिका कुनै सदस्यको स्वार्थ बाझिने विषयमा निजलाई सो विषयमा अग्रिम जानकारी गराउने,

(ङ) कोषबाट हुने खर्च प्रचलित कानूनले तोकेका विधि र प्रक्रिया बमोजिम खर्च गर्ने,

(च) कोषमा भएको रकम तथा खर्चको विवरण मासिक रूपमा मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा पठाउने,

(छ) अस्पतालको स्वीकृत दरबन्दी भन्दा बढि हुने गरी कुनै पनि कर्मचारी नियुक्त नगर्ने र त्यसरी नियुक्त गर्नुपर्ने भएमा मन्त्रालयको पूर्व स्वीकृति प्राप्त भए पछि मात्र गर्ने,

(ज) कोषको रकम खर्च गर्दा आवश्यकता तथा औचित्यता पुष्टि हुने गरी वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका कार्यक्रमसँग दोहोरो नपर्ने गरी समितिको निर्णय बमोजिम खर्च गर्ने,

(झ) समितिको दैनिक प्रशासनिक कार्य गर्ने, गराउने,

(ञ) मन्त्रालयले समय समयमा तोकेका अन्य कार्य गर्ने।

७. **समितिको बैठक तथा निर्णयः** (१) समितिको बैठक समितको अध्यक्षले तोकेको मिति र समयमा आवश्यकता अनुसार बस्नेछ।

तर समितिको बैठक वर्षमा कम्तीमा छ पटक बस्नु पर्नेछ।

(२) समितिको बैठक अध्यक्षसँगको समन्वयमा सदस्य सचिवले बोलाउँनेछ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्य सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यलाई दिनु पर्नेछ।

(४) समितिको अध्यक्ष पद रिक्त रहेको अवधि वा अनुपस्थित रहेका बखत समितिको सदस्य सचिवले आवश्यकतानुसार समितिको बैठक बोलाउन सक्नेछ।

(५) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको पद रिक्त वा अनुपस्थितिमा ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(७) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(८) समितिको सदस्य सचिवले निर्णय प्रमाणित गरी अभिलेख सुरक्षित राख्नेछ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. **कोष सम्बन्धी व्यवस्थाः** (१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन्:-

(क) अस्पतालले प्रदान गरेको सेवा वापत प्राप्त हुन आएको सेवा शुल्कको रकम,

(ख) प्रदेश सरकार, नेपाल सरकार वा स्थानीय तहबाट प्राप्त भएको रकम,

(ग) नेपाल सरकारको स्वीकृतिमा कुनै विदेशी संघसंस्था वा विदेशी दाताबाट प्रदेश सरकारमार्फत् प्राप्त रकम,

(घ) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपनियम (२) बमोजिमका रकम कोषमा जम्मा गर्ने गरी उपलब्ध गराउनु पर्नेछ।

(४) प्रदेश सरकार, नेपाल सरकार, स्थानीय तह वा दाताबाट प्राप्त भएको रकम सम्बन्धित कार्यक्रम वा क्रियाकलापसँग सम्बन्धित भएमा सोही कार्यक्रम वा क्रियाकलापमा मात्र खर्च गर्न पाइनेछ र खर्च गर्दा कुनै शर्त तोकिएकोमा त्यस्ता शर्तको समेत पालना गर्नुपर्नेछ।

(५) कोषको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले तोकेको त्यस्तो कार्यालयको विविध खाता वा नेपाल राष्ट्र बैंकबाट सरकारी कोष स्थापनाको लागि स्वीकृत प्राप्त वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(६) यो नियमावली प्रारम्भ हुनुपूर्व कुनै अस्पतालमा कोष स्थापना भएको भए त्यस्तो कोष यस नियम बमोजिमको कोष मानिनेछ।

(७) समितिको तर्फबाट हुने खर्च कोषबाट व्यहोरिने छ।

(८) कोषको सञ्चालन सदस्य सचिव र अस्पतालका लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ।

९. **लेखा तथा लेखापरीक्षणः** (१) समितिको कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखु पर्नेछ।

(२) समितिले आय व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नुपर्नेछ।

(३) कोषको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(४) मन्त्रालयले चाहेमा समितिको आय व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

१०. **कर्मचारी तथा सुविधा सम्बन्धी व्यवस्थाः** (१) अस्पतालमा प्रदेश सरकारबाट स्वीकृत दरबन्दी बमोजिमका कर्मचारी रहने छन्।

(२) उपनियम (१) बमोजिम दरवन्दी भित्रका कर्मचारीको पदपूर्ति नभएसम्मको लागि वा दरवन्दी बमोजिमका कर्मचारीबाट सेवा प्रवाह गर्न अपूग भएमा सम्बन्धित अस्पतालले मन्त्रालयको स्वीकृति लिई सेवा करारमा कर्मचारी नियुक्त गर्न सक्नेछ र सेवा करारमा कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्था प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम हुनेछ।

(३) यो नियमावली प्रारम्भ हुँदाका बखत समितिको कोषबाट तलव भत्ता पाउने गरी कुनै कर्मचारी करारमा नियुक्त भएमा त्यस्ता कर्मचारी यसै नियमावली बमोजिम नियुक्त भएको कर्मचारी मानिनेछ र त्यस्ता कर्मचारीले यो नियमावली प्रारम्भ भएपछि समितिबाटै तलव भत्ता पाउने गरी समितिको तर्फबाट अस्पतालमा कामकाज गर्नेछन्।

(४) उपनियम (२) बमोजिम नियुक्त कर्मचारीको तलब भत्ता तथा सुविधा समितिको निर्णय बमोजिम कोषबाट भुक्तानी गर्नुपर्नेछ।

(५) उपनियम (२) बमोजिमका कर्मचारीलाई मन्त्रालयले कुनै अन्य अस्पतालमा अवधि तोकि काममा खटाउन सक्नेछ र त्यसरी खटाएको कर्मचारी खटाइएको अस्पतालमा उपस्थित भई काम गर्नुपर्नेछ।

(६) उपनियम (२) बमोजिमका कर्मचारीको विभागीय कारबाही तथा सजाय सम्बन्धी व्यवस्था प्रचलित कानून र मन्त्रालयबाट स्वीकृत विनियम बमोजिम हुनेछ।

(७) अस्पतालले विशेष सेवा प्रदान गरे वापत कोषबाट व्यहोर्ने गरी समितिको सिफारिसमा मन्त्रालयले स्वीकृत गरे बमोजिम कर्मचारीलाई विशेष भत्ता उपलब्ध गराउन सक्नेछ।

(८) अस्पतालले समितिको निर्णय बमोजिम कोषबाट व्यहोर्ने गरी कर्मचारीलाई कुनै विशेष भत्ता वा प्रोत्साहन सुविधा प्रदान गरेको भएमा त्यस्ता विशेष भत्ता वा प्रोत्साहन सुविधा सम्बन्धी व्यवस्था यो नियमावली प्रारम्भ भएको मितिले तीन महिनाभित्र मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ।

(९) यो नियमावली प्रारम्भ हुनुपूर्व समितिले स्वीकृत गरेका समिति तर्फको दरवन्दी र पदपूर्तिको अवस्था लगायतका विवरण यो नियमावली प्रारम्भ भएको मितिले तीन महिनाभित्र मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ।

**११. <u>वार्षिक प्रतिवेदन पेश गर्ने</u>:** (१) समितिले अस्पतालमा एक आर्थिक वर्षमा गरेको कामको संक्षिप्त विवरण, कोषको आम्दानी र खर्चको विवरण, कामकारवाही गर्दा देखिएका समस्या तथा समाधानका सम्भाव्य उपाय, लेखापरीक्षणमा औंल्याइएका सुझाव तथा आगामी वर्षमा सञ्चालन गर्ने योजना तथा कार्यक्रम समावेश गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र मन्त्रालयमा वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदन अस्पतालले सार्वजनिक गरी आफ्नो वेभसाइटमा समेत राख्नु पर्नेछ।

१२. **<u>सेवा शुल्क सार्वजनिक गर्नुपर्ने:</u>** समितिले अस्पतालको स्वीकृत सेवा शुल्कको विवरण नागरिक बडापत्र र वेभसाइटमार्फत् सार्वजनिक गर्नुपर्नेछ र त्यस्ता सेवा शुल्कको विवरण मन्त्रालय र प्रदेश सरकारको अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

१३. **<u>अधिकार प्रत्यायोजन:</u>** समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार समितिका कुनै सदस्य, उपसमिति वा कुनै अधिकृतस्तरको कर्मचारीलाई आवश्यकतानुसार प्रत्यायोजन गर्न सक्नेछ।

१४. **<u>सहमति लिनुपर्ने:</u>** समितिले अस्पताल सञ्चालन गर्दा प्रदेश सरकार वा कोषलाई अतिरिक्त आर्थिक दायित्व वा व्ययभार सिर्जना हुने कुनै निर्णय गर्दा वा कर्मचारीका विशेष सुविधा निर्धारण गर्दा मन्त्रालयको सहमति लिनु पर्नेछ।

१५. **<u>प्रदेश सरकारसँग सम्पर्क:</u>** समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालयमार्फत् राख्नु पर्नेछ।

१६. **<u>निर्देशन दिने सक्ने:</u>** मन्त्रालयले समितिद्धारा गरिने काम कारवाहीको सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

१७. **<u>बैठक भत्ता तथा सुविधा:</u>** समितिका सदस्यले समितिको बैठकमा भाग लिए वापत समितिले निर्धारण गरे बमोजिम कोषबाट व्यहोर्ने गरी बैठक भत्ता पाउनेछ।

१८. **<u>समितिको कार्यालय:</u>** समितिको कार्यालय सम्बन्धित अस्पतालमा रहनेछ।

१९. **<u>समितिको विघटन वा खारेज:</u>** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी समिति विघटन वा खारेज गर्न सक्नेछ।

२०. बचाउः यो नियमावली प्रारम्भ हुनुपूर्व अस्पताल विकास समितिको तर्फबाट भए गरेका कामकारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

**आज्ञाले**

**डा. जनार्दन पन्थी**

**सचिव**